# स्थानीय राजपत्र

## पाँचखपन नगरपालिका, सङ्खुवासभाद्वारा प्रकाशित

**खण्ड ६), आषाढ ३२ गते, २०८३ साल (संख्या २**


## भाग-१

## पाँचखपन नगरपालिकाको सूचना

नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### पाँचखपन नगरपालिकाको नगर प्रहरी ऐन, २०८३

नगर सभाबाट पारित भएको मितिः २०८३/०३/१२

**<u>प्रस्तावनाः</u>** नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय, सुरक्षा तथा सुव्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगर क्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरीकको जीउ धनको सुरक्षा गर्दै नगर भित्र सुव्यवस्था कायम गरी नगरवासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्न नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२६ ले दिएको अधिकार प्रयोग गरी पाँचखपन नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पाँचखपन नगरपालिकाको नगर प्रहरी ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई पाँचखपन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले पाँचखपन नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ख) "उपप्रमुख" भन्नाले पाँचखपन नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाँचखपन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाको निर्णयबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "नगर कार्यपालिका" भन्नाले पाँचखपन नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(च) "नगर सभा" भन्नाले पाँचखपन नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(छ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवान समेतलाई सम्झनु पर्छ ।

(ज) "नगर प्रहरी" भन्नाले नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेत लाई जनाउँदछ।

(झ) "पदपूर्ति समिति" भन्नाले दफा ९ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले पाँचखपन नगरपालिका, सङ्खुवाभालाई सम्झनु पर्दछ ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

(ट) “कार्यालय” भन्नाले नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ठ) "जवान” भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

(ड) “नगर प्रहरी प्रमुख” भन्नाले दफा ६ बमोजिम पदपूर्ति हुने माथिल्लो दर्जाको प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ढ) “सुरक्षा सेवा” भन्नाले नेपाल प्रहरी, ससस्त्र प्रहरी बल नेपाल र नेपाली सेना सम्झनु पर्दछ ।

(ण) “योग्यतम” भन्नाले कार्यसम्पादन मूल्याङ्कनमा उच्च अंक प्राप्त गर्ने नगर प्रहरी सम्झनुपर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, परिचालन र नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठन:** (१) नगरपालिकामा नगर प्रहरी सेवा रहनेछ ।

(२) उपदफा (१) बमोजिमको नगर प्रहरी सेवामा रहने नगर प्रहरी कर्मचारीहरुको दर्जा देहाय बमोजिम हुनेछः-

(क) प्रहरी हवलदार

(ख) प्रहरी जवान

(३) उपदफा (२) बमोजिमको नगर प्रहरीको दर्जामा दफा ६ बमोजिम पदपूर्ति गर्नु अघि नगर कार्यपालिकाले सो दर्जा र संख्याको अस्थायी दरवन्दी सिर्जना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम बाहेक नगर प्रहरीको दर्जा सिर्जना गर्नु परेमा नगर कार्यपालिकाले सो पद सिर्जना गर्नका कारण, कार्यबोझ, कार्य प्रकृति, आवश्यकता र औचित्यका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्नेछ । यसरी सिर्जना भएको पदमा स्थायी पदपूर्ति गर्नु परेमा लोकसेवा आयोग मार्फत पदपूर्ति गर्नुपर्नेछ ।

चैनपुर नगरपालिका, सङ्खुवासभा

(४) नगर प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ ।

(५) कार्यालयले प्रत्येक दर्जाको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित दर्जाको काम, कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ ।

४. **नगर प्रहरीको सञ्चालन एवं परिचालन:** (१) नगर प्रहरी कार्यालय प्रति उत्तरदायी हुनेछ ।

(२) कार्यालयले नगर प्रहरीको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।

(३) नगर कार्यपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार:** (१) कार्यपालिका, वडा समिति, सम्बद्ध शाखा तथा नगरापालिकाको पदाधिकारी तथा अधिकारप्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु नगर प्रहरीको प्रमुख कर्तव्य हुनेछ । नगर प्रहरीको काम कर्तव्य र अधिकारको विस्तृत विवरण देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको सम्पत्ति र सम्पदाको संरक्षण गर्ने,

(ख) नगरपालिका बाट आयोजित सभा समारोह, परम्परा, जात्रा, चाडपर्व, आदि व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(ग) नगर बजार, सडक, पार्किङ स्थल व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(घ) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ङ) न्यायिक समितिले गरेका आदेश फैसला कार्यान्वयनमा सहयोग पुऱ्याउने,

(च) स्थानीय तहको कार्यालय परिसर, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने,

पाँचखपन नगरपालिका, संखुवासभा

(ज) नगरपालिका भित्र नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण तथा सुशासन प्रवर्धनमा सहयोग पुर्याउने,

(झ) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना संकलन, विश्लेषण र मूल्याङ्कन गरी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने,

(ञ) छाडा पशु चौपायको नियन्त्रण तथा व्यवस्थापन गर्ने,

(ट) सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी राखिएको सामग्रीहरु हटाउने वा हटाउन लगाउने,

(ठ) राजस्व शाखासँगको समन्वयमा करदातालाई कर तिर्न सहजीकरण गर्ने,

(ड) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने गराउने,

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन गर्दा नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाध्यक्ष र शाखा प्रमुखसँग समेत आवश्यकता अनुसार समन्वय गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

(३) नगर प्रहरीको खटन पटन तथा अन्य जिम्मेदारीको बाँडफाँड प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी कार्यालयलाई दिनेछ ।

(४) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

(५) मासिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी मार्फत नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको पदपूर्ति, अवकास र सेवा शर्तसम्बन्धी व्यवस्था

पाँचखपन नगरपालिका, संखुवासभा

६. **<u>पदपूर्तिः</u>** (१) नगर प्रहरी सेवाको पदमा पदपूर्ति गर्दा देहाय बमोजिम सेवा करारबाट पदपूर्ति गर्नु पर्नेछः-

| | दर्जा | संख्या |
|---|---|---|
| (क) | नगर प्रहरी हवलदार | १ |
| (ख) | नगर प्रहरी जवान | ४ |

(२) उपदफा (१) बमोजिम पदपूर्ति गर्दा खुला प्रतियोगिताबाट पदपूर्ति हुने पदमा कम्तिमा १ जना महिला सहित समावेशिताको आधारमा पदपूर्ति गर्नु पर्नेछ ।

७. **<u>नगर प्रहरीको आवश्यक न्यूनतम योग्यताः</u>** (१) खुला प्रतियोगिताद्वारा नियुक्त हुने नगर प्रहरी सेवाको जवान पदमा उम्मेदवार हुन आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको व्यक्ति,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएको,

(घ) उमेर १८ वर्ष पुरा भई २४ वर्ष पुरा नभएको,

तर, भुतपूर्व सुरक्षा सेवाको कर्मचारीको लागि ४० वर्ष ननाघेको,

(ङ) न्यूनतम शैक्षिक योग्यता कम्तिमा कक्षा ८ वा सो सरह उत्तीर्ण गरेको,

(च) राजनीतिक दलको सदस्य नरहेको

(छ) आखाँ -२ वा +२ भन्दा बढी कमजोर नभएको,

पाँचखपन नगरपालिका, सङ्खुवासभा

(ज) पुरुषको हकमा घटीमा, उचाइ ५ फिट २ इन्च, छाती ३२ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा, उचाइ ५ फिट, तौल ४२ के.जी. भएको ।

(२) नगर प्रहरी सेवाको हवलदार पदमा उम्मेद्वार हुन देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको व्यक्ति,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएको,

(घ) राजनीतिक दलको सदस्य नरहेको,

(ङ) सुरक्षा सेवामा जवान वा सो भन्दा माथिको पदमा कम्तिमा ७ वर्ष सेवा अवधि पूरा गरेको ।

८. **<u>अनिवार्य अवकासः</u>** नगर प्रहरी सेवाको जुनसुकै पदमा ५० वर्ष उमेर पुगेपछि अनिवार्य अवकास गरिनेछ।

९. **<u>पदपूर्ति समितिः</u>** (१) नगर प्रहरी सेवाको पदमा सेवा करारमा पदपूर्ति गर्न देहाय बमोजिम एक पदपूर्ति समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -संयोजक

(ख) प्रहरी कार्यलयको प्रतिनिधि -विज्ञ सदस्य

(ग) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नगर प्रहरी सेवाको पदपूर्तिका लागि आवश्यकता अनुसार अन्य व्यक्तिलाई पनि विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

पाँचखपन नगरपालिका, संखुवासभा

१०. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खुला, वढुवा तथा समावेशिताको लागि प्रतिशत निर्धारण गर्ने वा लोक सेवा आयोगमा लेखि पठाउने र लोक सेवा आयोगबाट निर्धारण गरे बमोजिम गर्ने ।

(ख) पदपूर्तिको लागि कार्य तालिका बनाउने,

(ग) परिक्षाको किसिम तोक्ने,

(घ) नियुक्तिको लागि सिफारिस गर्ने,

(२) दफा ९ बमोजिमको पदपूर्ति समितिले गर्ने अन्य कार्य सम्बन्धी कार्यविधि पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>योग्यताक्रम सूची तयार गरी सिफारिस गर्नुपर्नेः</u>** (१) उम्मेद्‌वारहरुले दिएको परीक्षा, शारीरिक तन्दुरुस्ती र अन्तवार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्नु पर्नेछ । वैकल्पिक उम्मेद्‌वारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

१२. **<u>नियुक्ति र परीक्षणकालः</u>** (१) दफा ११ बमोजिम पदपूर्ति समितिले नियुक्तिको लागि सिफारिस गरेको मितिले पैतीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

(२) नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई छ महीनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम

नगरेमा प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

तर, महिला नगर प्रहरी कर्मचारीको हकमा परीक्षणकाल र थप गर्न सकिने परीक्षणकालको अवधि तीन तीन महिना मात्र रहनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिन सक्नेछ ।

१३. **बढुवा नियुक्ति दिन सक्ने:** (१) दफा १२ बमोजिम नियुक्त भएको नगर प्रहरी प्रमुख अवकास भएमा वा कुनै कारणबस पदमुक्त भएमा प्रहरी जवान मध्येबाट वरिष्ठतम् प्रहरी जवानलाई नगर प्रहरी प्रमुख पदमा बढुवा नियुक्त गर्न नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले बढुवा नियुक्ति दिनु पर्नेछ ।

१४. **नियुक्ति बदर हुने अवस्था:** नगर प्रहरी सेवाको पदमा दफा १२ बमोजिम नियुक्त नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएमा जुनसुकै वेला सफाईको मौका दिइ सेवाबाट अवकास दिन सक्नेछ ।

१५. **शपथ ग्रहण:** नगर प्रहरीले कानुन बमोजिमको कार्यविधि र ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद-४

## आचरण सम्बन्धी व्यवस्था

१६. **आचरण:** नगर प्रहरी सेवाको पदमा नियुक्त भएको नगर प्रहरी कर्मचारीले देहायको आचरण पालना गर्नु पर्नेछः-

(क) प्रचलित कानुन तथा नगरपालिकाको निर्णय, नीति नियमको पालन गर्नु पर्नेछ ।

(ख) प्रहरीले पालन गर्नुपर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

(ग) कामको सिलसिलामा सुपरिवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ ।

(घ) नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ ।

(ङ) स्वच्छ चरित्र एवं आचरण युक्त हुनु पर्नेछ ।

(च) ड्युटीमा खटिएको समयमा लागू पदार्थ वा मद्यपान गर्नु हुँदैन ।

(छ) नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(ज) राजनीति वा राजनीतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन ।

(झ) नियुक्ति भएको मितिले तीन महिनाभित्र तोकिएको ढाँचामा नगरपालिका समक्ष सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

(ञ) कार्यालयको पूर्व स्वीकृति नलिई कुनै किसिमको व्यापार व्यवसाय गर्नु हुँदैन ।

(ट) कार्यालयको पूर्व स्वीकृति नलिई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन । त्यसै गरी कार्यालयको अनुमति नलिई कुनै सञ्चार माध्यममा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रसारण प्रकाशन गर्न वा गराउन हुँदैन ।

(ठ) नगरपालिकाको नीति विपरीत नगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्न वा संवाद, लेख रचना प्रकाशन गर्नु हुँदैन ।

(ड) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(ढ) कुनै पनि राजनीतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

(ण) ठीक समयमा तथा नियमित रूपले कार्यालयमा हाजिर हुनुपर्नेछ र पूर्व स्वीकृत गराएर मात्र विदामा बस्नु पर्दछ ।

तर, पर्याप्त र मनासिव कारण भएमा प्रमुख प्रशासकीय अधिकृतले पूर्व स्वीकृति विनाको १ दिनको विदा स्वीकृत गर्न सक्नेछ ।

(त) नगर प्रहरीले माथिल्लो दर्जाको अधिकारीको अधीनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(थ) कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभावमा पर्न वा पार्न हुँदैन ।

(द) प्रचलित नेपाल कानूनको प्रतिकूल हुने गरी बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता विवाह गर्नु गराउनु नहुने ।

(ध) नगर प्रहरी लैङ्गिक संवेदनशील हुनुपर्नेछ ।

(न) आफूभन्दा माथिल्लो वा तल्लो तहका कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोडजुलुम गर्न वा गराउन हुँदैन ।

पाँचखाल नगरपालिका, संकुवासभा

(प) आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकता पूर्वक निर्वाह गर्नु पर्दछ ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन

१७. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने वा प्रतिकूल राय लेख्ने ।

(ख) शारीरिक थकान हुने (फटिग) सजाय गर्ने ।

(ग) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(घ) सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

१८. **नसिहत दिने वा प्रतिकूल राय लेख्न सक्ने:** (१) नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सक्नेछ ।

१९. **दर्जा र तलब घटाउन सक्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएमा सो समेत निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक कार्य नगरेमा,

(ख) पदीय जिम्मेवारी र आचरण उल्लङ्घन गरेमा,

(ग) दिएको आदेश निर्देशन नमानी वा कार्यान्वयन नगरेमा,

(घ) मनासिब कारण विना विदा बसेमा वा विदा नलई विदा बसेमा वा गैर हाजिर भएमा,

(ङ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

२०. **<u>नोकरीबाट हटाउने वा बर्खास्त गर्न सक्नेः</u>** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछः-

(क) आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा वा लिएको पुष्टि भएमा,

(ग) बारम्बार अनुशासनहीन कार्य गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा पोसाक लगाई मादक पदार्थ सेवन गरी हिँडेमा वा जथाभाबी गरेमा,

(च) भ्रष्टाचार गरेमा वा गरेको ठहर भएमा,

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण पालना नगरेमा,

(ज) आचरण सम्बन्धी नियमहरू बारम्बार उल्लङ्घन गरेमा,

(झ) विना जानकारी ३० दिन सम्म कार्यालयमा उपस्थित नभएमा ।

२१. **<u>सजाय दिने अधिकारीः</u>** नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२२. **<u>सजाय सम्बन्धी कार्यविधिः</u>** (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनु पर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारी समक्ष पन्ध्र दिनभित्र आफ्नो सफाइ र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

तर,

(क) भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भए सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनु पर्नेछ ।

(ग) सफाइ पेश गर्ने मौका दिन मनासिब नदेखिएमा सो कुराको टिप्पणी खडा गरी निर्णय भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाइ पेश गर्ने मौका दिनु पर्ने छैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण पेश गर्नु पर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ ।

तर, यस्तो निलम्बनको अवधि ६ महिना भन्दा बढी हुने छैन ।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको आधा रकम दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधीभर स्वतः निलम्बित हुनेछ ।

तर, निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र

नपाएको भए पूरै पाउने छ । यदि कसुरदार ठहरिएमा निलम्बन भएको मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

२३. **<u>सजायको आदेश दिनुपर्ने:</u>** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निज सँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ ।

२४. **<u>नगर प्रहरी सेवामा पुनर्बहाली भएपछि पूरा तलब भत्ता पाउने:</u>** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्बहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मिति देखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद-६

## <u>विदा सम्बन्धी व्यवस्था</u>

२५. **<u>नगर प्रहरी कर्मचारीले पाउने विदा:</u>** (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिम विदाहरू पाउनेछः-

(क) भैपरी आउने र पर्व विदा वर्षको १२ दिन,

(ख) बिरामी विदा वर्षको १२ दिन,

(ग) किरिया विदा एक पटकमा १५ दिन,

(घ) प्रसूति विदा एक पटकमा ९८ दिन,

(ङ) सट्टा विदा,

(च) प्रसूति स्याहार विदा एक पटकमा १५ दिन बढीमा २ पटक ।

(२) उपदफा (१) बमोजिम नगर प्रहरी कर्मचारीले पाउने विदा पछिल्लो वर्षको लागि सञ्चित हुने छैन ।

(३) नगर प्रहरी कर्मचारीले अधिकारको रूपमा विदाको दाबी गर्न पाउने छैन ।

(४) कामको अनुकूल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ, साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

२६. **<u>विदा नलिई गैर हाजिर नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिने:</u>** (१) नगर प्रहरी कर्मचारीले यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विदा स्वीकृत नगराई गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लङ्घन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

तर, निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लङ्घन गरेको मानिने छैन ।

पाँचखपन नगरपालिका, संखुवासभा

## परिच्छेद-७
## <u>विविध</u>

२७. **<u>करार नवीकरण गर्न सकिने:</u>** (१) नगर कार्यपालिकाको निर्णय बमोजिम करार सम्झौता नवीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त हुने नगर प्रहरी कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा सुविधाहरू करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन ।

२८. **कायम मुकायम मुकरर गर्न सकिने:** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन ।

तर, नगर प्रहरी प्रमुख पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरू मध्ये बरिष्ठतम् मध्येबाट सबै भन्दा योग्यतम नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कार्यसम्पादन मूल्याङ्कनमा बराबरी अंक प्राप्त गरेको भएमा ती मध्ये सेवामा ज्येष्ठ सो मा समेत बराबरी भए ती प्रहरी कर्मचारी मध्ये उमेरको ज्येष्ठको आधारमा बरिष्ठतम् मानी कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(४) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्शानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(५) कुनै एक पदमा एक समयमा एक भन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

(६) रिक्त नगर प्रहरी प्रमुख पदमा प्रमुख प्रशासकीय अधिकृतले कायम मुकायम मुकरर गर्नेछ।

२९. **पोशाक, चिन्ह आदि:** नगर प्रहरीको पोसाक दर्ह्यानी चिन्ह, ब्याज किसिम र सोको रङ्ग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

पाँचखपन नगरपालिका, संखुवासभा

३०. **<u>सञ्चार उपकरण उपलब्ध गराउनु पर्ने:</u>** नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसारका सञ्चार उपकरण लगायतका साधन उपलब्ध गराउन सक्नेछ ।

३१. **<u>निरीक्षण गर्न सक्ने:</u>** नगरपालिकाको प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

३२. **<u>सेवा सुविधा:</u>** (१) नगर प्रहरीको तलब भत्ता तथा अन्य सुविधा हाल नेपाल प्रहरीको समान पदले पाउने आधारभूत पारिश्रमिक बराबर हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान भएको सेवा सुविधा बृद्धि गर्नु परेमा वा रासन भत्ता बाहेक अन्य सुविधा नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

३३. **<u>आवासको व्यवस्था गर्नुपर्ने:</u>** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

३४. **<u>पुरस्कार तथा प्रोत्साहन:</u>** नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा उल्लेखनीय एवं प्रशंसनीय ढङ्गले कार्य गरेमा निजलाई नगरपालिकाको निर्णयानुसार प्रोत्साहन वा पुरस्कार स्वरूप रकम, प्रशंसापत्र वा अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

३५. **<u>तालिम:</u>** (१) नगरपालिकाले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी, विपद् व्यवस्थापन तथा अन्य तालिमको व्यवस्था गर्न वा तालिम दिने निकायमा पठाउन सक्नेछ ।

(२) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **<u>विशिष्टीकृत कार्यमा खटाउन सक्ने:</u>** नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई यस ऐनको अधीनमा रही विशिष्टीकृत कार्यमा खटाउन सक्नेछ ।

३७. **<u>बाधा अड्काउ फुकाउः</u>** (१) यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर सभाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

३८. **<u>नियम बनाइ लागू गर्न सक्नेः</u>** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाइ लागू गर्न सक्नेछ ।

३९. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड बनाइ लागू गर्न सक्नेः</u>** यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

आज्ञाले,
रमेश प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत